CC-0. In Public Domain. Digitization by eGangotri



भूपतीन्द्र मल्ल

पनातिया ख्वहो क्वाठया धरोत

A3 S1

प्रा.डा.चुन्दा बज्राचार्य

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

डॉ. माधव लामीछाने ज्यू
लाई उपहार

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूपतीन्द्र मल्ल

पनातिया ख्वहो क्वाठया धरोत

संकलक एवं सम्पादक

प्रा.डा.चुन्दा बज्राचार्य

नसंचा पुचः

वलाछँ त्वाः, पलाँति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भूपतीन्द्र मल्ल

पनातिया ख्वहो क्वाठया धरोत

संकलक एवं सम्पादक : प्रा.डा.चुन्दा बज्राचार्य
विधा : धरोट
प्रकाशक : नसंचा पुचः, वलाछें, पनाति ।
प्रथम : स्वसः (३००) गू
: ने.सं. ११४२ कछलाथ्व म्हपूजा
: बु.सं. २५६५/ वि.सं. २०७८/ सन् २०२१
मूल्य : चार शय (४००।-)
पुस्तक सज्जा : बिमल ताम्राकार
कभर फोटो : प्रशान्त श्रेष्ठ

Bhupatindra Malla Panata khwaho kwatha Dharot
prof. Dr. Chunda Bajracharya

प्रेस : न्यू विद्या प्रिण्टिङ्ग प्रेस, सुकुध्वाका, ख्वप, नेपालमण्डल ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

नसंचा पुचः नेपालभाषा, कला संस्कृति, सम्पदा र पलाँति (पनाति)को ऐतिहासिकतामा चिन्ता गर्न ३५ वर्ष अघि नेपाल सम्वत् ११०७ म्हपुजाका दिन स्थापना भएको हो । पुचःले हालसम्म नसंचा, नसंचा दोस्रो अंक, पन्तिया अभिलेख र स्मृतिमा पानाहरूमा मानसागर श्रेष्ठ विशेषांक प्रकाशित गरिसकेको छ। यस पुस्तक पाँचौं प्रकाशनको रूपमा तपाईंको हातमा छ ।

पलाँतिको पूर्वमा नमोबुद्ध, पश्चिममा फुल्चोकी माई, उत्तरमा धनेश्वर महादेव र दक्षिणमा बेथानचोक नारायणले घेरिएको उपत्यका हो । यो भेग लिच्छविकालदेखि नै काठमाण्डौं उपत्यकाबाट पूर्व जाने मूलद्वारको रूपमा रहेको थियो । पुरानो ऐतिहासिक पौराणिक नाम पाञ्चाल देश/ अस्मनगर रहेको र सो कालमा पलाँतिको नाम पुनां थियो भने पूर्वमध्यकाल आउँदा पुन्नग, पुन्नती, प्वनन्ती, पूर्ण्णमती र उत्तर मध्यकाल आउँदासम्म पनातिका नामले सुपरिचित हुन पुग्यो । स्थानिय भाषामा बोलिने नाम पलाँतिको नामाकरणका विषयमा थप अध्ययन जरुरी हुन आउँछ। यहाँ रहेको ऐतिहासिक सम्पदाको निर्माणमा भक्तपुरका मल्ल राजाहरूको योगदान अतुलनीय छ। ब्रम्हायणी मन्दिरको शिलालेखमा सिन्ध्र जात्राको लागि खेत छुट्याइएबाट पलाँतिको जात्रामा भूपतीन्द्र मल्लकी रानी विश्वलक्ष्मीको विशेष हात रहेको देखिन्छ । पूर्वको प्रमुख नाका भएको हुँदा पनातिमा बलियो क्वाठ (किल्ला)को आवश्यकता थियो । सोही कारण यो क्वाठ (किल्ला) राजा भूपतीन्द्र मल्लले बनाएको देखिन्छ ।

प्रा.डा.चुन्दा वज्राचार्यले मल्लकालीन सामाग्री सम्बन्धी अध्ययनका सिलसिलामा प्राप्त अभिलेख 'भूपतीन्द्र मल्ल पनातिया ख्वहो क्वाठया धरोत' लाई सम्पादन गर्नु भएको थियो । उहाँसंगको सल्लाह अनुसार यस संस्थाले यसलाई पुस्तकका रूपमा प्रकाशित गरेको हो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यस अभिलेखको प्रकाशन संगै पलाँतिको ऐतिहासिकतामा एउटा खुत्किला थपेको छ। ख्वहो (त्रिवेणीघाट) क्वाठ निर्माण गरिएबाट क्वाठको स्थान निर्क्योल भएको छ । त्रिवेणीघाटमा कुन ठाउँमा हो भन्ने बारे अनुसन्धान हुनु जरुरी देखिन्छ । ख्वह्रें मशानलाई बाहिर पारी क्वाठ र किल्ला पर्खाल निर्माण गर्ने मल्लकालीन विशेषता भएबाट यो क्वाठ हाल श्री पुण्य मा.वि. भएको तिर हो कि भन्ने अनुमान लगाउन सकिन्छ । यो क्वाठ निर्माण भएको बेलाको खर्च विवरण, ज्याला, कामदारहरूका नाम र उनीहरूले पाउने ज्यालाको विवरणको लगत र हिसाब समेत भएकोले सो बेलाको आर्थिक र सामाजिक पक्षको अध्ययन गर्नेहरूका लागि यो राम्रो खुराक हुन सक्छ । यस क्वाठको महत्वलाई दर्शाउने गरी पलाँती क्वाठ पूजा सम्बन्धित एक अभिलेख राष्ट्रिय अभिलेखालयमा रहेको जानकारी पनि बाहिर आएको छ । सो सामग्रीको अध्ययन र सम्पादन गर्न सकिए थप जानकारी प्राप्त हुने देखिन्छ ।

यस ऐतिहासिक सामाग्री प्रकाशनको अवसर दिनुहुने प्रा.डा. चुन्दा वज्राचार्य, टाइपिङ्ग र प्रेस व्यवस्थापन गर्नु हुने श्री विमल ताम्राकार, आवरण सज्जा र समन्वयको लागि फोटोग्राफर श्री प्रशान्त श्रेष्ठ, पुचःका पदाधिकारी, सदस्यहरू लगायत प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नु हुने सम्पूर्ण शुभचिन्तक महानुभावहरूमा धन्यवाद व्यक्त गर्दै पुस्तकको बारेमा सल्लाह, सुझाब र सहयोगको अपेक्षा गर्दै यो पुस्तक पठनीय र संग्रहनीय हुने विश्वास गर्दछु ।

नसंचा पुचः
पनाति, पनौती नगरपालिका,
काभ्रे पलाञ्चोक
ने.सं. ११४१ कौलागा षष्ठी
१० कार्तिक, २०७८

ख :: श्रीश्री जयभूपतीन्द्र मल्ल देव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादकीय भनाइ

– चुन्दा वज्राचार्य

पञ्चायतकालको अन्तिम दशकको सुरु सुरुतिर नेपाल र एशियाली अनुसन्धान केन्द्रले नेपालको वृहत् इतिहास निर्माण गर्न परियोजनाको थालनी गरेको थियो । उक्त परियोजना अन्तर्गत नेपालको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, आर्थिक आदि विभिन्न पक्षको इतिहास लेखनको लागि विभिन्न व्यक्तिहरू संलग्न भएकोमा मेरो जिम्मा विभिन्न व्यक्तिहरूले इतिहास लेख्नको लागि मध्यकालको इतिहास लेख्न सामग्रीहरू जुटाई दिने अवसर प्राप्त भएको थियो । यसै सिलसिलामा नेपाल राष्ट्रिय अभिलेखालयस्थित हस्तलिखित सामग्रीहरू खोजेर त्यसमा भएका विषयहरूलाई ऐतिहासिक पक्ष लेखन गर्ने प्रा.धनवज्र वज्राचार्यलाई सामग्री तयार गरीदिने हो भने आर्थिक पक्ष लेखन गर्ने प्रा. ऐश्वर्यलाल प्रधानाङ्गलाई, धार्मिक र सांस्कृतिक पक्ष लेखन गर्ने प्रा.डा.तुल्सिराम वैद्यलाई सामग्री उपलव्ध गराउने हो । उक्त कार्यमा संलग्न हुन पाइएको कारण नेपालभाषामा एम.ए. गरेको हैसियतले हो । मध्यकालको सबै जसो सामग्रीहरू नेपालभाषाको माध्यमबाट हुन्थ्यो । यसरी सामग्री संकलन गर्ने कार्यमा लाग्दा नेपाल राष्ट्रिय अभिलेखालयमा भूपतिन्द्र मल्लले पनौतीमा क्वाठ निर्माण गरेको एउटा धरःपौ प्राप्त भयो । जुन क्वाठको नाम ख्वहो क्वाठ थियो । उक्त धरःपौमा क्वाठ निर्माणमा भएको विवरण छ, तर उक्त क्वाठ हाल कहाँ छ भन्ने थाहा पाउन सकेको छैन । यस धरःपौको अध्ययनबाट क्वाठको खोजी गर्न टेवा पुग्दछ । मध्यकालको इतिहासलाई केही पक्ष यसले उजागर गर्दछ ।

पनौतीका जागरुक युवाहरूले पनौतीबारे उल्लेख भएको ऐतिहासिक सामग्री संकलन गर्ने उद्देश्यले यस क्वाठ निर्माण सामग्री भएको चाल पाएपछि मकहाँ आउनु भएको थियो । मैले नेपाल र एशियाली अनुसन्धान केन्द्रमा सामग्री रहेको बताएँ । उहाँहरू उक्त संस्थामा जानु भयो, तर धेरै मेहनत गरेर पनि सामग्री संस्थामा पाउन सकेन । मलाई धेरैचोटी उक्त सामग्री पाउन घचघच्याउन आउनु भयो । मेरो ध्यान त्यतातिर जाँदै गएन । बनेपाको सांस्कृतिक कर्मि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

शिक्षाविद् श्री ज्ञानकाजी मानन्धरले पनि धेरैचोटी सामग्री लिन भन्नु भयो । यही वृहत् राष्ट्रिय इतिहास निर्माणको परियोजना कार्यमा संलग्न भएको बेलामा नै धनवज्र सरले भन्नु भएको थियो - यस संस्थामा बुझाइएको सामग्री आफुलाई चाहिएको बेलामा खोज्न गयो भने पाउन मुस्किल छ त्यसैले एकप्रति मलाई राख्न भन्नु भएको थियो । जितामित्र मल्लकालीन नेपाल एशियाली अनुसन्धानबाट प्रकाशन गर्न खोज्दा पनि सामग्री थिएन । मसंग भएको सामग्री नै प्रकाशनको लागि दिइएको थियो । उक्त धरःपौ प्रकाशित गर्दाखेरि पनि प्रा.डा. तुल्सिराम वैद्यज्यूले धरःपौ धेरै पक्षबाट महत्व छ । प्रकाशनमा ल्याउनुपर्छ भनेर उहाँ नै लाग्नु भएको थियो ।

२०७२-१-१२ महाभूकम्पले मेरो पुर्ख्यौली घरलाई प्रभाव पाऱ्यो । मेरो महत्वपूर्ण पुस्तकहरू एवं पत्रपत्रिकाहरू धेरै क्षति भयो । केही सम्हाल्न सकेको सामग्रीहरू मध्ये भूपतिन्द्र मल्लको पनौतीको क्वाठ निर्माण पनि एक हो । यस दस्तावेज खोज्न धेरै चोटि ताकिता गरिरहेको प्रशान्त श्रेष्ठ हुन । यस दस्तावेज संकलन र सम्पादन गरेको सामग्री मात्रै नभएर उक्त ग्रन्थको अभिलेखालयबाट खिचेर ल्याइएको फोटो पनि मसंगै छ । फोटो सहित सामग्री पाएपछि प्रशान्त श्रेष्ठलाई सामग्री दिने विचार गरें । उहाँले पनि प्रकाशन गर्नुपर्ने आवश्यकता ठानेर उहाँ संलग्न भएको संस्था मार्फत प्रकाशन गर्ने भयो ।

सम्पादन गरेको ३६ वर्ष पछि प्रकाशनमा ल्याउन पाएकोमा खुसी छु । प्रकाशनको लागि आवश्यक कार्य गर्नुहुने नसंचा पुचः, प्रशान्त र विमल ताम्राकारलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

यस क्वाठ निर्माणको सम्पादन र संकलन गरेर त्यसबेला धनवज्र वज्राचार्यलाई देखाएर उहाँले एक एक अक्षर हेर्नु भई प्रकाशन योग्य बनाई दिनुभएकोले त्यसबेला जे जस्तो अवस्थामा प्रस्तुत गरेको हो हूबहू त्यस्तैमा छाप्न दिएको छु । धनवज्र वज्राचार्यसंग लामो समय काम गर्ने मौका पाएको चिन्हको रूपमा यो पुस्तक उहाँको स्मृतिको रूप हो ।

त्याङ्गला फाँट,
कीर्तिपुर वडा नं १
ने.सं. ११४१ कौलागाः नवमी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सम्पादन पद्धती

- चुन्दा वज्राचार्य

नेपाल राष्ट्रिय अभिलेखालयस्थित माइक्रोफिल्म रील नम्बर ए ६१०/२८ को धरःपौ वृहत नेपाल राष्ट्रिय इतिहास निर्माण योजना अन्तर्गत संचालित "मल्लकालीन ऐतिहासिक सामग्री संकलन भाग २" को योजना मैले आर्थिक वर्ष २०४१/०४२ को आधा आधातिर अर्थात् २०४१ पौष १५ गते देखि संचालन गरेको योजना अन्तर्गत संकलन गरेको सामग्री हो ।

यो धरःपौ मैले नेपाल र एशियाली अनुसन्धान संस्थानद्वारा संचालित 'मल्लकालीन सामग्री' संकलनको निमित्त नेपाल राष्ट्रिय अभिलेखालयमा ऐतिहासिक सामग्री धरःपौ अध्ययन गर्दागर्दै भेटाएको धरःपौ हुन् । यस ऐतिहासिक सामग्रीको अहिलेसम्म कसैले प्रकाशित गरेको छैन । मल्लकालको इतिहास तयार पार्नमा यस सामग्रीले ठूलो मद्दत पुऱ्याउने छन् भन्ने विश्वास गर्दछु ।

उक्त माइक्रोफिल्म रील नं ए ६१०/२८ को धरःपौ राष्ट्रिय अभिलेखालयको माइक्रोफिल्म शाखाबाट फोटोकपी लिएर नेपाल लिपिलाई देवनागरी लिपिमा परिवर्तन गरी बही वा लगतको आकार दिएर सम्पादन गरेको छु ।

धरःपौ भूपतीन्द्र मल्लले पनौतीको खोलाको दोभानमा क्वाठ (किल्ला) निर्माण गरेको हो । उक्त विषयवस्तु बुझ्नका निमित्त धरःपौमा देखिएका केही टिपोट गरेर भूमिका लेखिदिएकी छु । उक्त भूमिकाले केही भएपनि धरःपौ अध्ययन गर्ने र मल्लकालको विषयमा खोज गर्नेहरूलाई मद्दत पुऱ्याउँछ भन्ने आशा गर्दछु ।

भक्तपुर क्याम्पस, भक्तपुर
वि.सं. २०४२ जेष्ठ १८

भूपतीन्द्र मल्ल पनातिया ख्वहो क्वाठया धरोत :: ङ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

समर्पण

गुरु धनवज्र वज्राचार्यज्यूमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय सूची

विषय	पत्र संख्या
१. ग्रन्थ परिचय	१
२. क्वाठको साधारण परिचय	
२.१. क्वाठ शब्दको प्रयोग	२
२.२. क्वाठ निर्माण गर्नाका कारणहरू	३
२.३. क्वाठ निर्माण गर्ने कला	४
३. पनौती क्वाठ	
३.१. पनौती क्वाठ निर्माण	११
३.२. पनौती क्वाठ निर्माणमा लगाएको कर्मि	१२
३.३. पनौती क्वाठ निर्माणमा आवाले	१४
३.४. ल्वहँ कर्मि र कोपला कर्मि	१५
३.५. सिँकर्मि	१६
३.६. क्वाठ प्रतिस्थापनामा श्रमशक्तिको उपयोगिता	१६
४. क्वाठ निर्माण कार्यमा भोज	
४.१. पनौती क्वाठ निर्माणमा चिउराको वितरण	२७
४.२. पनौती क्वाठ निर्माणमा चामलको वितरण	२७
५. क्वाठ निर्माणमा पूजा	
५.१. खर्चको बाँडफाँट	२८
५.२. क्वाठ निर्माण कार्य अन्तर्गत गरेका पूजा	२९
५.३ क्वाठ निर्माण गर्दा गरेका विभिन्न पूजाका दिन	३०
६. सारांश	३१
७. सन्दर्भ सूची	३३
८. मूल पाठ	३३
९. धरोट (धलः) को पत्र	११३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रूपतीन्द्रमल्ल

पनातियाख्वहाक्वा०याधरात॥

भूपतीन्द्र मल्ल

पनातिया ख्वहो क्वाठया धरोत

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ग्रन्थ परिचय

नेपाल राष्ट्रिय अभिलेखालयस्थित हस्तलिखित नम्बर (ल.नं.) १६८९ को धरःपौ प्रचलित नेपाल लिपिले लेखेको "धर्म र विविध विषय" शीर्षक दिएर राखेको छ । उक्त ग्रन्थ नेपाल जर्मन हस्तलिखित संरक्षण परियोजना अन्तर्गत १७ अगस्त १९७३ मा ए ६१०/२८ नम्बरमा माइक्रो फिल्म भएको थियो । साथै वृहत संक्षिप्त सूची पत्रमा नम्बर १३१ को उक्त ग्रन्थ "धरःपौ" (बही) को आकारको ५१ पृष्ठ भएको पाको कागजमा लम्बाई २३.२ इन्च र चौडाई १५.३ को प्रत्येक पत्रमा ७/७ लाइनमा प्रत्येक लाइनमा सालाखाला ३१ वटा अक्षर कागजको दुवैतिर लेखेको ग्रन्थ श्रीश्री जयभूपतीन्द्र मल्लले पनौतीमा ख्वहो क्वाठ निर्माण गर्दाको धरःपौ थियो ।

उक्त ग्रन्थको शुरुमा "श्री श्री जयभूपतीन्द्र मल्ल देवसन पनातिया ख्वहो क्वाठ दाङाव बिज्याङाया धरोट" भनेर उल्लेख भएको थियो भने अन्त्य पृ ५१मा 'चेपकाव' लेखेको थियो । यस ग्रन्थमा पत्र संख्या ३ बाहेक अरु सबै पत्र भएको पत्रको हैसियतले पूर्ण थियो । माइक्रोफिल्ममा मात्र पत्र नभएको कि भनेर मूल ग्रन्थ नै हेर्दा मूल ग्रन्थमा समेत उक्त पत्र संख्या ३ थिएन । पत्र संख्या ३ लेख्दाखेरि बिर्सेको नभई हराएको पत्र नै थियो । पत्र संख्या २ र पत्र संख्या, ३ को विषय सिलसिलावद्ध नभई बीचको पत्र हराएको संकेत प्राप्त भएको छ । यस ग्रन्थ ने.सं ८२८ कार्तिक महिनामा श्रीश्री जय भूपतीन्द्र मल्ले पनौतीमा ख्वहो क्वाठ बनाउन लगाउँदाको आवश्यक जनश्रम, क्वाठ निर्माण कार्यमा गर्नुपर्ने पूजा काम गरेका श्रमिकलाई ख्वाउने, काम गरेको दिनका आदिको बही थियो । क्वाठ बनाउने कार्य भए अनुसार अपूर्ण थियो । यसमा क्वाठको नाप लिएको र क्वाठ स्थापना गरेको उल्लेख पाइन्थ्यो तर क्वाठ निर्माण कार्य पूर्ण भएको उल्लेख केही थिएन । क्वाठ बनाउनका निमित्त आवश्यक सामग्रीको कुनै उल्लेख भएको पाइंदैन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

क्वाठ शब्दको प्रयोग

'क्वाठ' शब्द नयाँ शब्द होइन । यो क्वाठ शब्द इतिहास अध्ययन गर्ने पुराना पुराना सामग्रीहरू गोपालवंशावली अभिलेख, ताडपत्र, धरःपौ, ठ्यासफू आदि सामग्रीमा उल्लेख भएको पाइन्छ । पुराना ऐतिहासिक सामग्रीहरू सबै हस्तलिखित सामग्री भएकोले एउटै शब्दको रूप पनि एक अर्कामा फरक देखापरेको छ । त्यसैले 'क्वाठ' शब्द कतै 'क्वाथ' छ भने कतै 'क्वाट', 'क्वठ' आदि पनि देखापर्दछ । क्वाठ शब्द संस्कृत कोट बाट आएको हो । संस्कृतको कोटको अर्थ किल्ला हो । किल्ला भन्नाले सुरक्षित गर्ने ठाउँ जनाउँथ्यो । जुन अर्थ मल्लकालको 'क्वाठ' शब्द पनि राज्य रक्षा गर्नका निमित्त ठाउँ ठाउँमा बनाइ राखेको हुन्थ्यो ।

मल्लकालको दरबारहरू कान्तिपुरको दरवारलाई हनुमानढोका, भक्तपुरको दरवारलाई थंथुदरवार र ललितपुरको दरवारलाई चौक्वाठ दरवार भनिन्थ्यो । ललितपुरको चौक्वाठ दरवार श्रीसिद्धिनरसिंह मल्ले शत्रुहरूबाट सुरक्षित होस् भन्नाका निमित्त चारवटा कोट अर्थात चार किल्लाहरू राखेर दरबार बनाएकोले उक्त दरवारको नाउँ चौक्वाठ दरवार नाम रहन गएको थियो । त्यस्तै जितामित्र मल्लले पनि शत्रुहरूबाट सुरक्षित होस् भन्नाका निमित्त उकालोमा थंथुदरवार बनाएको थियो । यस्तै दरबारहरूको बनावटलाई हेर्ने हो भने कान्तिपुरको हनुमानढोका पनि त्यस्तै विचार गरेर बनाएको जस्तो देखापर्दथ्यो । अहिले पनि ललितपुरको दरवार हेर्ने हो भने तीन कुनामा ३ वटा बुर्जाहरू देखापर्दछ । स्थानीय बुढापाकाहरूको भनाई अनुसार दरबारको सुरक्षाका निमित्त सिपाहीहरू बस्नलाई बनाएको हो भन्दथे । बुर्जाहरूको बनावटलाई हेर्दा राजा महाराजाहरूका विलासी जीवनको निमित्त होइन भन्ने भान हुन्छ । त्यसैले धनवज्र वज्राचार्य भन्नु हुन्छ कि, "त्यस किसिमको व्यवस्था दरवार भित्रका राजपरिवारको विलासी कार्यको निमित्त राखेको नभइ सुरक्षाका निमित्त राखेका थिए ।" (पूर्णिमा १ अङ्क ३ पृ ४२)

नालाक्वाठ, गारक्वाथ, थानकोट, राङाक्वाथ, कसानक्वाथ,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हितिगाल क्वाठ, थंक्वाठ आदि ऐतिहासिक सामग्रीहरूमा देखापरेको क्वाठ किल्लाको अर्थमा देखापरेको हो ।

क्वाठ निर्माण गर्नाका कारणहरू

नेपालको इतिहासमा मध्यकालको उत्तरार्द्धमा आएर नेपाल अनेक सानासाना राज्यहरूमा विभाजित भएको थियो । ८ कोश लामो र ६ कोसको नेपाल उपत्यका भित्र नै तीनवटा राज्यहरू खडा हुन आए । पश्चिममा चौबीसी बाइसी राज्य पूर्व भेकमा मकवानपुर चौदण्डी विजयपुर राज्य खडा भए । यसरी खडा भएका साना साना स्वतन्त्र राज्यहरूले एक अर्कामा हमला गरेर आ-आफ्नो राज्यको इलाकाको क्षेत्र बढाउनुमा आफ्नो पुरुषार्थ मान्दथे ।

उपत्यका भित्रनै एउटै वंशका मल्ल राजाहरू भएतापनि कहिले भक्तपुर र कान्तिपुर मिलेर ललितपुरमा हमला गर्दथे भने कहिले कान्तिपुर र ललितपुर मिलेर भक्तपुरमा हमला गर्दथे । ती तीन राज्यहरूमा कान्तिपुर अलि शक्तिशाली राज्य देखापर्दथ्यो । विना कारण तीन राज्यहरू एक अर्कामा वैमनश्यको भावले हेर्ने गर्दथे । यी तीन राज्यहरूमा शान्ति र सुरक्षाका निमित्त समय समयमा झगडा नगर्ने सन्धिपत्र गरेको हुन्थे तर सन्धि-पत्रको कुनै महत्व नदिएर सन्धिको समय नसकीकननै झगडा गर्दथे । झगडा नगर्ने सन्धि पत्र गरेतापनि सन्धिपत्र कुनै खास लामो अवधिसम्म स्थिर रहदैन्थ्यो ।

यी तीन राज्यहरूमा सन्धि धेरै जसो भैरहन्थ्यो । ने.सं. ७४१ माघमा कान्तिपुरका राजा लक्ष्मीनरसिंह मल्ल र ललितपुरका राजा सिद्धिनरसिंह मल्लले मैत्रिताको व्यवहार गर्ने बारे सन्धि गरेका थिए । ने.सं. ८१६ फाल्गुणमा भक्तपुरका राजा जितामित्र मल्ल र ललितपुरका राजा योगनरेन्द्र मल्लको धार्मिक विधान अनुरूप परस्परमा हस्तक्षेप नगर्ने बारे सन्धि गरिन्थ्यो । ने.सं. ८१८ ललितपुरका राजा योगनरेन्द्र मल्ल, कान्तिपुरका राजा भूपालेन्द्र मल्ल र भक्तपुरका राजा भूपतीन्द्र मल्लले तीनै राजाहरूले नेपालमा अन्याय भएको तथा राजाहरूको गाथ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ताकेकोले सन्धि भएको थियो । त्यस्तै ने.सं. ८२२ मार्गमा फेरि भक्तपुरका राजा भूपतीन्द्र मल्ल र कान्तिपुरका राजा भाष्कर मल्लले फेरि शत्रुताको हैसियतले नहेर्ने भनेर सन्धि गरेका थिए । यसरी त्यसबेला ती उपत्यकाका तीनै राज्यहरू धार्मिक, राजनैतिक आदिमा सन्तुष्ट नभएर एक अर्कामा सन्धि गरी मिल्नुपर्ने अवस्था देखाउँथे । फेरि सन्धिपत्रको कार्य पनि नियन्त्रण नभई समय समयमा सन्धि भंग हुने कारणले गर्दा आफ्नो आफ्नो राज्य आफैले सुरक्षा गर्नुपर्थ्यो ।

उत्तर मध्यकालमै भक्तपुर राज्यभित्रको नाला पनौती कहिले ललितपुरले कज्याएर लिएको हुन्थ्यो भने कहिले भक्तपुरकै हुन्थ्यो । यक्ष मल्ल पछि उनका छोरा रण मल्ल बनेपामा गएर स्वतन्त्र राज्य खडा गरेर बसेका थिए पछि उक्त बनेपा भक्तपुर राज्यभित्रनै गाँसिएको थियो । कान्तिपुर क्षेत्रभित्र पर्ने कीर्तिपुरपनि पहिले ललितपुरको क्षेत्रभित्र पर्थ्यो । यसरी यस मध्यकालको उत्तरार्द्धमा राज्यको सिमानादेखि लिएर जनताहरूको जिउ ज्यानको समेत ध्यान राखेर सुरक्षा गर्नुपर्ने आवश्यकता देखापर्थ्यो ।

क्वाठ निर्माण गर्ने कला

क्वाठ निर्माण बारे ऐतिहासिक पत्रसंग्रह (पूर्णिमा १ अङ्क २ मा इतिहासकार धनवज्र वज्राचार्यले "मल्लकालमा देशरक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य" लेखमा प्रकाश पारिसक्नु भएको थियो । फेरि पनि यहाँ यक्ष मल्लको भक्तपुर दरवारको बाहिर भित्तामा राखेको ने.सं. ५७३ श्रावणको शिलालेख र कुनु शर्माको कीर्तिपताकामा उल्लेख भए अनुसार क्वाठ निर्माण गर्ने कलामा एकचोटि केन्द्रित हुनु आवश्यक देखापर्दछ ।

यक्ष मल्लको शिलाअभिलेखमा भक्तपुर राज्य नै एक गढको रूपमा निर्माण गरेको उल्लेख पाइन्छ भने कुनु शर्माको 'कीर्तिपताका'मा ललितपुरको राज्य निर्माण गरेको पाइन्छ । भक्तपुरमा वा ललितपुरमा सुरक्षाको निमित्त गढ वा क्वाठ बनाउदाखेरि शत्रुहरूले सजिलैसित

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आक्रमण गर्न नपाउन भन्नाका साथै शत्रुहरू सजिलैसित राज्यभित्र वा शहरभित्र पस्न नसकुन भन्ने धारणाले बनाएको हुन्थ्यो । यसरी राज्य सुरक्षित गर्नाका निमित्त शहर पस्ने बाटो सीमित तरफले राखेर शत्रुहरू जहिंतहिंबाट आउन नसकुन भन्ने धारणाले शहर वा राज्यको सबभन्दा बाहिरको भागमा खाई (झारपात) रुख भ्याङ्ग आदि उमारेर त्यसभित्र चारैतिर बलियो गरिकन पर्खाल बनाएर ठाउँ ठाउँमा क्वाठको निर्माण गरिएको हुन्थ्यो । साथै ठाउँ ठाउँमा शहर पस्नाका निमित्त बलिया बलिया खापाहरू राखेर ढोकाहरू बनाएको हुन्थ्यो । प्रत्येक ढोकामा लँक्वाठ पनि खडा गरिएको हुन्थ्यो । ढोकाहरूमा बलिया खापाहरू राख्नुको मतलब शत्रुहरू भित्र नपठाउन र शत्रुहरूले हमला गरेको खण्डमा ढोका थुने पुग्ने गरी बनाइन्थ्यो । यदि राज्यभित्रका मानिसले पनि कुनै बेइमानी गऱ्यो भनेपनि राज्यबाट निष्काशन गर्नको निमित्त पनि ढोका बाहिर पठाएर ढोका थुनिदिए पनि पुग्दथ्यो ।

क्वाठहरूमा र लँक्वाठमा क्वाठ नायक अधिकृत स्तरको व्यक्ति राखिएको हुन्थ्यो । उक्त क्वाठ नायकले क्वाठको रेखदेख गर्नुको साथै राज्यको चारैतिर घेरिएका पर्खालको रेखदेख गर्न र बिग्रेमा मर्मत गर्न लगाउनु थियो । भक्तपुरको शहरमा गढ निर्माण गर्दा जुन जुन ठाउँमा पर्खाल र क्वाठ बनाइएको हो त्यहाँ त्यस क्षेत्रका जनताहरू आएर श्रमदान गरेर बनाएको थियो । साथै उक्त क्वाठ बनाउनका निमित्त राज्यभित्रका बाहुन, क्षेत्री, वैश्य र शुद्र समेत चारै जातका जनताहरू आएर माटो, काठ, इँटा आदि बोकेर काम गरेको उल्लेख यक्ष मल्लको शिला अभिलेखमा देखापर्दछ । फेरि गढको निर्माण सकिएपछि जनताले आफ्नो आफ्नो क्षेत्रमा पर्ने क्वाठ पर्खाल आदिको रेखदेख आफैले गर्नुपर्दथ्यो । यदि कुनै कारणले गढको पर्खाल वा क्वाठ बिग्रियो भने त्यस क्षेत्रका जनताहरूले क्वाठ नायकको रेखदेखमा मर्मत गरी बनाउनु आवश्यक पर्दथ्यो । यदि विग्रेका क्षेत्रका जनताहरूले वास्ता नगरि बनाएनन् भने त्यस क्षेत्रका जनताहरूलाई राजदण्डको रूपमा एक एक कुरुवा चामलको दरले दण्ड गरिन्थ्यो । क्वाठ बनाउने कार्य सिथिको दिन अगावै गर्नुपर्दथ्यो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिथिको भोलिपल्ट क्वाठ पर्खालको निरीक्षण गरिन्थ्यो । यदि कतैतिर बिग्रेको नबनाएको देखियो भने त्यस क्षेत्रका क्वाठ नायकलाई १२ दामको दरले दण्ड गरिन्थ्यो । यदि क्वाठ वा पर्खाल कसैले बिगाऱ्यो भने त्यस्ता व्यक्तिमाथि ९ दाम, राजदण्ड गरिन्थ्यो । कसैको पाल्तु जन्तुहरू गएर क्वाठ वा पर्खालहरू बिगारे वा भत्काए भने प्रति जनावरको एक दामले दण्ड लगाइन्थ्यो । जनावरहरू गएर फोहर गरे भने 'पाठिगाम' द्वारा सफा गराइन्थ्यो । उदाहरणको निमित्त :- यक्ष मल्लको शिलाअभिलेख प्रस्तुत गर्दछु ।

"ॐ नमो वसुन्धरायै ॥
विष्णोर्व्वाहुलताकफो गिशिखरेणोद्धारिता मेदिनी,
गंगाद्या सरिताम्वरैव रुचिरालंकारिता स्थावणी ।
नानाद्रव्यमयप्रगुप्तकरण संन्यासलग्नाहिती,
त्वां नौमीह वसुन्धरे वरणशालं रक्ष तं सर्व्वदा ॥
नेपालभूमण्डलचक्रवर्तिना,
उपांगचक्रामलकीर्तिकेतुना ॥
श्रीयक्षमल्लप्रभुना सुविस्तरं,
भक्तापुरीप्रावरण चकार तत् ॥
व्रम्हक्षत्रियवैश्य शूद्रकजनैरट्टं नवं निर्म्मितं,
पाषाणं वहुकास्ठभाररचितं चादाय सर्व्वैर्ज्जनैः ।
द्वारे कोटसमन्वितं दिशि दिशि प्राकारतुं गोत्तमं,
कुर्व्वन्तिस्म सरवातकीमतिमहाकाष्टैश्च वित्तैर्व्ययेः ॥
दुर्ग्गाप्राकारभागे ह्यपहरति कदा संस्थितं दिग्विदिक्षु,
पाषाणं कास्ठलोष्ठं तदिह विनिहितं कश्चिदट्टं तदेकम् ।
पापीयान व्रम्हहंता शिशुवधकृतवान् सोपि गोघ्नः पुमान् वै,
एवं संरक्षतव्यं नगरनरवरैभूर्पतेः शासनं हि ॥
तस्मिन्नेपालिकाव्दे त्रिमुनिहरमुखे श्रावणे पूर्णमाश्या-
मायुष्मानयोगयुक्ते भृगुसुतादिवसे ऋक्षनारायणाख्ये ।
प्राकारं द्वारकोटं नगरपरिवृतारम्भकालंकरोति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीमदभक्तापुरे श्रीनृपमकुटमणिर्यक्षमल्लो नृपेन्द्रः ॥

शुभ ॥ श्रीश्री जययक्षमल्ल देव, प्रभु ठाकुरस, विजयराजस, श्री ख्वप्वस खारनो, गडप्राकारनो, लंक्वाठनो, दयका जुरोम, थ्व गड दयके निमितिन, ख्वप्वंस बसरपो लोकस्यं, अनेक कष्ट नस्यं, वितनवुं, उपेखरपं, दयका गड जुरोम, व्रम्ह क्षत्रि वैश्य शूद्र चतुर्व्वर्ण्ण आदिन, एक चित याङन, शिंकु, अटकु, चाकु, थम थम बुस्यं शरीर कष्टरपं, दयकं तया थ्व गड जुरोम, अवनलि, खारनो, प्राकारनो, लंक्वाठनो, थ्वते थवं छँपयिन मयाक्वनवुं, पयिन याङ यनेमाल जुरोम् श्रीश्रीप्रभु ठाकुरस्येनो प्रदिक प्रधानननो, प्रजापारखननो, ख्वपंदेशश, बसरपको, समस्त स्यंवुं, आडनथं, थंथुलं कोथुलं थव थव भुसं चोय क्वाठयात, थम थम खागां ल्हास्यं सोखायेमाल, सोमविवद्धाले, सोथुप्रति कुडछि धारे के काय, क्वाठ प्वलोड चिचकवम्हंन, सलखिचातानं जोङन सिठिंस न्हा, क्वाठनायकन निदानन लांक्वाठ प्वलोड, चिरमवकाले सिठिसांति क्वाठनायकयाये कोय, जिमने दाम, १२ थव थव दिशन, प्वलोड हिमलालओस, क्वाठनायकनं हिले, गडप्राकारया सेयोये दिन महालक्ष्मी धर्म्मविसर्ज्जन कोन्हु, ख्वप्वंदेशश बसरपको समस्तस्यवुं, खारडयाडिस सडं, मेस, सा, फा, थ्वतेहयवुं, न्होयकमटेव, न्होस्यं स्यंकाले, मोडि दम्मछि धारे स्यंनकवयाके, राजन काय जुरोम, खार दंग्वस्यंग्व सोस्यं, पाठिनगामन यियके, ज्यायाचके प्राकरनो लंक्वाटनो स्यंकाले थमडङा भुं थमथम बुं ज्या याचके, थं छायकं तकोस्यं चिंता यायमान जुरोम् ।

गडप्राकारनो, लंक्वाटठनो आराधरपं यिस्यं स्यंनवद्धाकाले, गोहथ्या, व्रम्हहथ्या स्त्रीहथ्या आदिन पंचमहापातक लाक्व जुरोम, स्यनकवम्हयाकेबुं राजन कायें द्रम्म गु ड गडप्राकारयानो लंक्वाटयानो अट, ल्वह्वं, सिंका कालं अटया प्रति, ल्वह्वंग्वड प्रति, सिट्वाक प्रति दम्म छि १ धारे राजन काये जुरोम,

श्रेयोस्तु सम्वत्र ५७३ श्रावणशुक्लपूर्ण्णमाश्यां, श्रवणनक्षत्रे, आयुस्मानयोगे, शुक्रवासरे, श्रीश्रीजययक्षमल्लदेव प्रभु ठाकुरष्यं प्राकार आदिन गड आरंभ याङा दिवस ॥ शुभम् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अनुवाद

ॐ पृथ्वीलाई नमस्कार । विष्णुका वाहुलीका कुइनाको टुप्पोले उठाएकी, गंगा आदि ठूलठूला नदीरूपी राम्रा गहनाले सिंगारिएकी, स्थिर भएकी, भित्र अनेक प्रकारका पदार्थहरू भएकी, राम्रोसंग रहेकी यस्ती हे पृथ्वी तिमीलाई नमस्कार छ । यो गढ पर्खाललाई सधैं रक्षा गर ।

नेपालभूमण्डलका चक्रवर्ती भएका, (राज्यका) अङ्ग उपाङ्गहरूमा कीर्ति फैलिएका राजा श्रीयक्षमल्लले भक्तपुरमा यो ठूलो गढ बनाउनु भयो ।

व्राम्हण क्षेत्री वैश्य शुद्र आदि सबै जनताले प्रसस्त ढुङ्गा काठपात बोकेर ल्याई ठूलो कष्ट गरी धेरै पैसा खर्च गरी, चारैतिर खाई ठूलठूला पर्खाल ढोका ढोकामा किल्ला भएको यो नयाँ गढ बनाइएको हो ।

यस गढको पर्खालमा तथा यताउता रहेका ढुङ्गा काठपात ईट आदि एक टुक्रा कसैले चोरेर लियो भने त्यसलाई पञ्चमहापाप लाग्नेछ । असल शहरियाहरूले राजाको यो हुकुम मान्नुपर्छ ।

ने.सं. ५७३ श्रावणपूर्णिमा शुक्रवार श्रावण नक्षत्र आयुष्मान योगमा राजाहरूमा शिरोमणि भएका श्रीयक्ष मल्लले श्री भक्तपुर शहरको चारैतिर पर्खाल, ढोकामा किल्ला बनाउन लगाउनु भएको हो ।

श्रीश्री जय यक्ष मल्लदेव प्रत्रु ठाकुरको विजयराज्यमा श्रीभक्तपुरमा खाई गढको पर्खाल लक्वाठ (ढोकाको किल्ला) हरू बनाइए । यो गढ बनाउनाको निमित्त भक्तपुरका वासिन्दाहरूले धेरै कष्ट सहनुपरेको थियो । पैसा खर्च गर्नुपरेको थियो, धेरै समय दिनुपरेको थियो । व्राम्हण क्षत्री, वैश्य, शुद्र चारै जातहरूले मन लाईकन काठको भारी, ईंटको भारी, माटोको भारी, आफैं आफैले बोकी शरीरले कष्ट गरीकन यो गढ बनाइएको हो ।

अबदेखि खाई, पर्खाल, ढोकाका किल्लासंग सम्बन्ध राख्ने काम आफ्नो घरको इलाकाबाट गर्नुपर्ने जति आफै आफैले गर्दै लैजानुपर्छ । श्रीश्रीप्रभु ठाकुरले, भारदारहरूले तथा प्रजाहरूले भक्तपुरमा बस्ने यी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सबैले वर्साद लाग्नुभन्दा पहिले थंथु लं (उकालो चढेर जानुपर्ने बाटो), कोथुलं (ओह्रालो लागी जानुपर्ने बाटो) र आफ्नो आफ्नो इलाकामा परेका किल्लाको हेरविचार आफै आफैले गर्नुपर्छ। यसो गरेनन् भने प्रत्येकलाई एक कुरुवा चामलको दरले दण्ड गर्नू।

किल्लाका छाना मर्मत गर्ने मानिसलाई सामानको वन्दोवस्त गरिदिई सिथिभन्दा पहिले क्वाठनायकले मर्मत गर्न लाउनपर्छ। किल्लाका छाना मर्मत गर्न लाएन भने सिथिको भोलिपल्ट क्वाठनायकलाई १२ दाम दण्ड गर्नू। आफ्नो आफ्नो इलाकाका किल्लाका छाना बनाउनुपर्ने भएमा क्वाठनायकले बनाउन लाउनू। गढको पर्खालको परीक्षा गर्ने काम महालक्ष्मी धर्मविसर्जनका दिन गर्नू। भक्तपुरमा बस्ने कसैले खाईका माटाका ढिस्कामा घोडा रांगो गाई सुंगुरद्वारा कुल्चाउन नलाउनु कुल्चाएर बिगारेको खण्डमा कुल्चने प्रत्येक वस्तुभाउ १ दामको दरले कुल्चाउनेसंग राजाले दण्ड गर्नू। खाई भत्कियो, पुरियो भने पाठिगाम द्वारा सफा पार्नु लाउनु, बनाउन लाउनू।

पर्खाल, ढोकाका किल्ला भत्के बिग्रे भने आफ्नो आफ्नो इलाकाले बनाएको आफै आफैले मर्मत गर्नू। कसैले गढको पर्खाल, ढोकाको किल्ला बिगार्न खोज्यो भने त्यसलाई गोहत्या, ब्रम्हहत्या, स्त्रीहत्या आदि पञ्चमहापाप लागोस्। विगार्नेलाई राजाले ९ दाम दण्ड गर्नू। गढको पर्खालको ढोकाको किल्लाको ईट ढुङ्गा काठ कसैले चोरेर लियो भने एक टुक्रा ईंट ढुङ्गा काठको १ दामको दरले त्यसलाई राजाले दण्ड गर्नू।

ने.सं. ५७३ श्रावण शुक्ल पूर्णिमा श्रावण नक्षत्र आयुष्मान योग शुक्रवारको दिन श्रीश्री यक्ष मल्लदेव प्रभु ठाकुरले पर्खाल आदि गढको आरम्भ गर्नु भयो। शुभ ॥

ललितपुर शहरको निर्माणबारे कुनु शर्माले 'कीर्तिपताका' ग्रन्थमा उल्लेख गरेका छन। यसबारे त्यस ग्रन्थको केही अंश प्रस्तुत गर्दछु।

कुनुशर्माले देशवर्णन यसप्रकारले गरेका छन्।

नेपालभूमण्डलभित्र ललितपुर भन्ने शहर छ। खाई ईंटका पर्खाल, २६ टोलले ललितपुर सुहाईरहेको छ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

॥ खाईका रुख ॥ खाईको घेराको छेउ-छेउमा अग्ला-अग्ला, राम्रा, भ्याम्म परेका रुखहरू छन् । ॥ खाई ॥ रुखहरू र लहराहरूका पातका बाक्ला छायाँले छोपिएको खाई पाताल जस्तै अँध्यारो भई रहेको छ ।

॥ पर्खाल ॥ चुचुरो चुचुरो परेका, अग्ला अग्ला पर्खालका ताजूप लाग्दा कुरा त के भनौं । तीनै लोकलाई नाश पार्न सक्ने, ठूलठूला पहाडमा पनि वेरोकटोक जान सक्ने, वेगले आएका वाणहरू पनि जुन पर्खालको डरले गति रोकिएका छँदा पर्खाल नाघेर भित्र पस्न सक्दैनन् । शत्रुहरूको त के कुरा ।

॥ देशक्वाथ (शहरको किल्ला) ॥ पर्खालमा रहेका लडाईंका लागिको अग्लो बुर्जा (किल्ला) मा बसेका राजाको त के कुरा गरौं । जुन किल्लाको अग्लो टुप्पोमा चढ्दाखेरि प्रतापका ज्वाला सहन नसक्दा वर्षा ऋतुका वादल पनि यी त सुमेरुनै हुन् भन्ने संझी पानी पार्ने निहुँले रोए ।

॥ ढोका ॥ शहरबाहिरका ढोकाहरूमा राम्रा, बलिया खापाहरू लाइएका छन् । यी ढोकाबाट सज्जनहरू सजिलैसंग प्रवेश गर्न (शहरमा बस्न पनि पाउँछन; खराप मानिसहरू पुण्य सिद्धिएकाहरू स्वर्गबाट निकालिए जस्तै निकालिन्छन ।

कुनु शर्मा र यक्ष मल्लका भाग धनवज्र वज्राचार्यले मल्लकालमा देश रक्षाको व्यवस्था र त्यसप्रति प्रजाको कर्तव्य भन्ने लेख पूर्णिमा अङ्क १ वर्ष २ मा प्रकाशित भएकोबाट लिइएको हो । माथिको कुनु शर्माको वर्णन साहित्यिक अभिव्यक्ति भएको देखिन्छ तर पनि ललितपरको शहर निर्माणको ज्ञान प्राप्त गर्न सकिन्छ ।

यसै सन्दर्भबाट कान्तिपुर शहरको बनावट हेर्ने हो भने ललितपुर, भक्तपुर जस्तै काठको आकारले बनाएको पाइन्छ । शहरभित्र पस्न कतै ओऱ्हालोबाट जानुपर्छ भने कतै उकालो चढनु पर्दछ । कान्तिपुर, भक्तपुर र ललितपुरमा त्यस मल्लकालका क्वाठ वा किल्लाका केही अवशेषहरू अहिलेसम्म प्राप्त भएकै छन ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पनौतीको क्वाठ निर्माण

भक्तपुर, ललितपुर र कान्तिपुर ठूला शहरको रूपमा गणना हुन्थ्यो भने नाला, बनेपा, धुलिखेल, नगदेश, बोडे, सांगा, चांगु, कीर्तिपुर आदि क्षेत्रलाई साना साना शहर संझिन्थ्यो । यी स-साना शहरहरू एक राज्यका राजाले अर्का शहर (क्षेत्रहरू)मा आँखा गाडेर पुरुषार्थ देखाउन खोज्थे । भक्तपुरको नजिक पर्ने पनौती शहरले कहिले भक्तपुरकै स्वतन्त्र क्षेत्र हुनगयो भने कहिले काहि ललितपुरको अधिनमा रहन्थ्यो । यदि पनौती क्षेत्र अरु राज्यहरूले गाँसेको नभए भक्तपुरकै राजाहरूले आफ्नो अधिनमा राखे भनेर अरु लेखबाट लेख्नु पर्दैन्नथ्यो । जगतप्रकाश, जितामित्र, भूपतीन्द्र मल्लले आफ्नो आफ्नो राज्यकालमा पनौती भक्तपुरभित्र समावेश गरेका थिए ।

"We have stone inscription of Jagat Prakash Malla and Jitamitra Malla in Panauti belonging to 789 Magha Sukla 15 and 794 Vaisakha Krsna 11 respectively. There are others belonging to Bhupatindra Malla (837 Asadha Sukla 9) and his son, but these are as important as Bhatgaon has passessed control of Panauti and areas round it except on few occasions." (Regmi : Mediaval Nepal Part II 1966)

यस किसिमको अवस्था पनौती मात्र नभई नालालाई पनि भएकोले यी दुई ठाउँमा क्वाठ निर्माणको आवश्यकता देखापर्दथ्यो । कीर्तिपुरको अवस्थापनि त्यस्तै भएकोले यहाँ पनि क्वाठको आवश्यकता थियो । यी ठाउँमा क्वाठको निर्माण पनि भएको थियो । हामीले अहिले पनि यी ठाउमा क्वाठका केही अवशेषहरू प्राप्त गर्न सकिन्छ । नालामा क्वाठ निर्माण भएको बेलामा शत्रुहरूले हमला गर्न नपाऊन भन्ने धारणाले बनाएको कुरा उल्लेख भएको (पूर्णिमा उहि) प्रकाशित भैसकेको छ । जस्तो नालामा क्वाठ बनाउँदा शत्रुहरू सजिलै भित्र पस्न नपाऊन भन्ने धारणाले शत्रु पस्न गाह्रो हुने गरिकन बनाएको थियो त्यस्तै

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकारले पनौती र कीर्तिपुरमा क्वाठ पनि निर्माण भएको थियो ।

भक्तपुरको क्षेत्रभित्र पर्ने पनौती भक्तपुरको पूर्वतिर पर्दछ । जनकथन र उक्ति अनुसार एउटै ढुङ्गाले निर्मित पनौती क्षेत्र हुन् । पनौतीको पूर्व दक्षिण बगेको खोलामा भूपतीन्द्र मल्लले ने.सं. ८२८ कार्तिक वदि ८ मा क्वाठ बनाउनका निमित्त नाप लिएर त्यसै दिनदेखि कामदारहरूलाई काम लगाएका थिए । अहिलेसम्म क्वाठ निर्माणबारे अभिलेख पुस्तकहरू फेला परेका छन् । त्यही प्राप्त भएको सामग्री अनुसार मल्लकालमा क्वाठ निर्माण गर्ने कलाको बयान गरिएको हो । यहाँ मैले नेपाल अभिलेखालयमा क्वाठ बनाउँदा लेखेर राखेको क्वाठको धरःपौ प्राप्त गरेको थिएँ । यसबाट क्वाठ बनाउँदा के कसरी बनाइन्थ्यो के के गर्नु पर्दथ्यो भन्ने कुरा स्पष्ट भएको बनेपामा क्वाठ निर्माण गरेको वर्णन भएको धरःपौ प्राप्त भएको छ । यसबाट क्वाठ निर्माण बारे अन्वेषणमा अभिरुचि भएकाहरूलाई ठूलो सहयोग प्राप्त हुनसक्छ । भूपतीन्द्रमल्ले पनौतीमा क्वाठ निर्माण गर्दा नदीको दोभानमा बनाएका थिए ।

"श्रीश्री जय भूपतीन्द्र मल्ल देवसन पनातिया ख्वहो क्वाठ दाङाव बिज्याङाया धरोत ॥ सम्वत ८२८ कार्तिक वदि ८ कर्म्मि छुङा दिन ॥

(श्री श्री भूपतीन्द्र मल्लदेवले पनौतीको दोभानमा क्वाठ नापेर आउनुभएको लगन ॥ सम्वत ८२८ कार्तिक वदि ८ कर्मिहरू काम लगाएको दिन ।)

क्वाठ स्थापना हुनु अगाडि देखिनै क्वाठका निमित्त आवश्यक सामग्रीहरू तयार पार्नका निमित्त भक्तपुर र पनौतीका कर्मि, आवाले, सिकर्मि, ल्वहँकर्मि, कोलाप कर्मि आदिलाई काम लगाई राखेको देखापर्दछ ।

पनौतीको क्वाठ निर्माणमा लगाएका कर्मि

क्वाठ निर्माण गर्दा स्थानीय वासिन्दाहरूलाई बढी महत्व दिएर तिनीहरूनै काममा लगाएर बनाउने गरिन्थ्यो । पनौतीको क्वाठ

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

बनाउँदाखेरि पनि भक्तपुरका कामदार लगायत पनौतीका कामदारहरू पनि लगाएको देखापर्दछ । क्वाठको निम्ति चाहिने सामग्री जुटाउन र बनाउनको निमित्त अग्रिम काम कार्यमा पनौतीकै कर्मि, आवाले जस्ता त्यस क्षेत्रभित्र उपलव्ध भएका श्रमिकहरू उपयोग गराएको देखिन्छ ।

उक्त क्वाठ बनाउँदाखेरि ३१ जना भक्तपुरका कर्मिहरू जम्मा ४६४२ दिन काम गरेका थिए । त्यसमा सबभन्दा बढी काम गर्ने कर्मि २३७ दिन काम गरेका थिए । सबभन्दा कम काम गर्ने कर्मिले ५० दिन काम गरेका थिए । त्यसैले सबै ३१ जना सबै कर्मिले एकैनासले काम गरेका थिएनन् । सालाखाला एकजना कर्मिले १५० दिनमात्र काम गरेको थियो ।

३१ जना कर्मिले ४६४२ दिन काम गरेर जम्मा ज्यालाको रूपमा प्राप्त गरेको रकम २१४ मोहर ८० दाम मात्रै थियो । त्यसमा सबभन्दा बढी २३७ दिन काम गर्ने कर्मिले खाली ११Xमोहर २३ दाम मात्रै प्राप्त गरेको थियो । सबभन्दा थोरै रकम ज्याला प्राप्त गर्नेले ८४ दिन काम गरेर २Xमोहर ८ दाम मात्र प्राप्त गरेको थियो । तर सबभन्दा कम ५० दिन काम गर्ने कर्मिले ७ मोहर १ दाम ज्याला प्राप्त गरेको थियो । जुन ८४ दिन काम गर्नेको भन्दा बढी ज्यालाको रकम देखापर्दछ । यसबाट यो पनि स्पष्ट भयोकि काम गर्दा सबै कर्मिहरूलाई ज्याला एकै किसिमले नदिएर फरक फरक गरिकन दिने गरिन्थ्यो भन्ने कुरा स्पष्ट हुन्छ । फेरि कर्मिको ज्याला कर्मिको तह अनुसार पनि फरक हुनुपनि स्वाभाविक हो । कर्मि मात्र भएर पुग्दैनथ्यो, कुनै कर्मि उच्चस्तरको भए कुनै कर्मि निम्न स्तरको हुनु स्वाभाविक हो । निम्नस्तरको कर्मिको काम अनुसार ज्याला कम हुनु स्वाभाविक थियो ।

मूल पाठमा कर्मिको कूल काम गरेको दिनको संख्या ४६४६ दिइएको छ । तर कर्मिले संख्याको साथै कर्मिहरूको नाउँ समेत दिएको धरःपौमा कर्मिहरूले काम गरेको दिन समेत दिएकोले उक्त दिन जम्मा गर्दा ४६४२ मात्रै छ । मूल पाठमा कूल संख्या ४ जना बढी भएको देखा पर्दछ । त्यस्तै कर्मिहरूलाई प्रदान गरेको ज्याला पनि २१३ मोहर २६

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

दाम थियो । मूल पाठमा कर्मिहरूको कूल ज्याला २१४ मोहर ८० दाम थियो तर गणना गर्दा २१३ मोहर २६ दाम मात्रै ज्याला निकास गरिएको थियो । जस अनुसार मूल पाठमा १ मोहर ५४ दाम वृद्धि भएको देखापर्दछ ।

पनौतीको कर्मिहरूमा ९ जना कर्मिहरूले १०७६ दिन काम गरेका थिए । सबभन्दा बढी काम गर्ने पनौती कर्मिमा १९१दिन सम्म का गरेको थियो भने सबभन्दा कम काम गर्ने कर्मिले १०३ दिन मात्र काम गरेको थियो । सालाखाला प्रति व्यक्तिले कर्मिले काम गर्ने १५४ दिन मात्र काम गरेको देखिन्छ । ७ जना कामदार कर्मिहरूले ४१ मोहर ६२ दाम मात्र ज्यालाको रूपमा प्राप्त गरेका थिए । ७ जना पनौतीको कर्मिले कूल रकम ४१ मोहर ६२ दाम मात्र ज्याला प्राप्त गरेको थियो । सबभन्दा बढी १९१ दिन काम गर्ने कर्मिले कूल रकम ९ मोहर १५ दाम ज्याला लिएको थियो । त्यस्तै सबभन्दा थोरै १०३ दिन काम गर्ने कर्मिले २ मोहर ११ दाम कूल ज्याला प्राप्त गरेको थियो । काम गरेको दिन अनुसार १९१ दिन काम गर्ने कर्मि ८ जना १०३ देखि काम गर्ने कर्मिको ज्यालामा दोबर भन्दा बढी रकमको फरक देखा पर्दछ ।

पनौतीको क्वाठ निर्माणमा आवाले

पनौतीको क्वाठ निर्माण कार्यमा भक्तपुरको ९ जना र पनौतीको २ जना गरी जम्मा ११ जना आवालेलाई ने.सं. ८२८ मार्ग शुल्क पञ्चमी मंगलवार देखि काममा लगाइएको थियो । भक्तपुरका ९ जना आवाले कूल ६२२ दिन काम गरेका थिए भने पनौतीको दुइजना आवालेले १८६ दिन काम गरेका थिए । भक्तपुरका आवालेले १०० दिन सबभन्दा बढी दिन काम गरेको थियो भने पनौतीको सबभन्दा बढी काम गर्ने आवालेले ९४ दिन थियो । पनौतीको सबभन्दा कम दिन काम गर्नेको ९२ दिन थियो तर भक्तपुरको सबभन्दा कम काम गर्नेले २१ दिन मात्र काम गरेको थियो । भक्तपुरको आवालेले सालाखाला ७० दिन र पनौतीको आवालेले ९३ दिन काम गरेको थियो । पनौतीको दुइजना आवालेले ८

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मोहर ४४ दाम ज्याला लिएका थिए भने भक्तपुरको ९ जनाले २८ मोहर ११ दाम मात्र ज्याला प्राप्त गरेका थिए ।

भक्तपुरको आवालेले भन्दा पनौतीको आवालेले बढी दिन काम गर्नुका साथै ज्याला पनि भक्तपुरको आवाले भन्दा बढी लिएको थियो । स्थानीय कामदारलाई बढी महत्व दिएर काम लगाएको देखापर्दछ ।

ल्वहँ कर्मि र कोपला कर्मि

ढुङ्गाको काम गर्ने कर्मिलाई ल्वहँकर्मि भने जस्तै दलिनमाथि काठमा फल्याक राख्ने कर्मि कोलाप कर्मि भनिन्थ्यो । वास्तवमा आजकाल कोलाप कर्मि भनेको देखिन्दैन । यिनीहरूको काम सिकर्मिले गने गर्दछन । वास्तवमा यी कोलाप कर्मि सिकर्मि अन्तर्गत पर्दछन् । मल्लकालमा यस्ता दलिनमा कोरापु राख्ने व्यक्ति अलगै कर्मि रहेको थियो ।

पनौतीको क्वाठ निर्माण कार्यमा ल्वहँ कर्मि र कोलाप कर्मि भक्तपुरको मात्रै काममा लगाएको देखिन्छ । आठ जना ल्वहँ कर्मिले २६३ दिन काम गरेका थिए । चारजना कोलाप कर्मिले ५० दिन मात्र काम गरेको थियो । सबभन्दा बढी काम गर्ने ल्वहँ कर्मिले ५९ दिन काम गरेको थियो भने कोलाप कर्मिले बढी काम गर्नेले २० दिन मात्रै गरेको थियो । सबभन्दा कम काम गर्ने ल्वहं कर्मिले १८ दिन र कोलाप कर्मिले १० दिन मात्रै काम गरेको थियो । सालाखाला ल्वहंकर्मिले ३३ दिन मात्र काम गरेको थियो ।

आठ जना ल्वहँकर्मिले २६३ दिन काम गरे बापत १२ मोहर ४४ दाम मात्रै कूल ज्याला प्राप्त गरेका थिए । सबभन्दा बढी ज्याला लिने ल्वहँकर्मि २ मोहर २६ दाम । सबभन्दा कम ज्याला प्राप्त गर्नेल ३४ दाम मात्रै प्राप्त गरेको थियो ।

कोलाप कर्मिले प्रतिदिन ४ दामको दरले ज्याला लिएको थियो । २० दिन काम गर्ने कोलाप कर्मिले ८० दाम र १० दिन काम गर्नेले ४० दाम प्राप्त गरेको थियो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

सिँकर्मि

धर:पौको मूल पाठमा पत्र संख्या ३ नभएको र काम भैरहेको ... सिलसिलामा सिकर्मिको धेरै ठाउँमा उल्लेख भएको र आवाले भन्दा पछि कोलाप कर्मि भन्दा माथि बीचमा पत्र संख्या ४ मा १५ जना ८७० दिन काम गर्ने कामदारहरुलाई सिँकर्मिको अनुमान लगाएकी छु । मूल पाठमा काम भैरहेको अनुसार १५ जना सिकर्मि भन्दा बढी हुने देखापर्दछन । तर सामग्रीमा अनुमान लगाए अनुसार १५ जनानै उपयुक्त हुन आउँदछन । १५ जना सिँकर्मिले मध्य एक भन्दा बढी दिन काम गर्नेले ८५ दिन र ज्याला २ मोहर १२ दाम प्राप्त गरेको थियो । सबभन्दा कम दिन काम गर्ने सिकर्मिले २० दिन मात्रै काम गरेको थियो । सालाखाला गर्दा प्रतिव्यक्ति सिकर्मिले ५८ दिन काम गरेको देखापर्दछ । १५ जना आवालेले कूल १४ मोहर ६ शुकी ४६ दाम ज्याला प्राप्त गरेका थिए ।

सिकर्मिद्वारा काम ने.सं. ८२८ मार्ग वदि अष्टमी शनिश्चरबार थालिएको थियो ।

क्वाठ प्रतिस्थापनमा श्रम शक्तिको उपयोगिता

भक्तपुर शहरको गढ र क्वाठहरू निर्माण कार्यमा त्यस भक्तपुर क्षेत्रभित्र रहने ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र आदि चारै जातको सहयोगबाट गरिने परंपरा यक्ष मल्लको पालादेखि चल्दै आएको थियो । उक्त परंपरा मल्लकालको अन्त्यतिर समेत कायमनै रहेको थियो । ने.सं. ५७३ मा भक्तपुरको क्वाठ/गढ निर्माण कार्यमा चारै जातिले भारीका भारी इँटा, ढुङ्गा, माटो आदि दुख गरेर बोकेर ओसारेका थिए । त्यस्तै पनौतीको क्वाठ निर्माणमा भक्तपुरका त्यसबेलाका राजा भूपतीन्द्र मल्ल देखि निम्न जातिले समेत श्रमको उपयोगिता प्रदान गरेका थिए ।

भूपतीन्द्र मल्ल स्वयम् एक महान कार्यकुशल कालिगढ थिए । यिनीलाई विशिष्ट कलाले भरिपूर्ण वस्तुहरू बनाउनमा ठूलो सौख थियो । यिनलाई एकजना भोटे कर्मिले आफ्नो घरमा लगी कालीगडी सिकाई

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भोट (ल्हासा)मा तालीम गर्न लगाएको थयो । भक्तपुरको राजा भैसकेपछि भोट गएका हुनाले धेरै दिन बस्न पाएका थिएनन् । थोरै दिन भोटमा बसेपनि भूपतीन्द्र मल्ल कला पारखी र भोटे भाषामा निपूण भै निस्केका थिए । भक्तपुर दरवार स्क्वायरमा रहेको ५५ झ्यालको दरवार अगाडिको भूपतीन्द्र मल्लको सालिकलाई हेर्दा पनि भूपतीन्द्र मल्ल दक्ष कालिगढ देखापर्दछ । उनको त्यस सालिकमा एक कर्मिको शरीरमा हुनुपर्ने कालिगढको सरसामान पटुकाभित्र घुसारी राखेको देखिन्छन् । ने.सं. ११०५ चैत्र महिना भूपतीन्द्र मल्लको कमरमा बाँधी राखेको पटुका हराएकोले कालिगढको ज्यावल मात्र स्पष्ट देखापरेको छ ।

ने.सं ८२२ मा बनाएको न्यातपौल देवलको निर्माण कार्यमा भूपतीन्द्र मल्ल स्वयमले ईट बोकेर जनतालाई र कालिगढहरूलाई ठूलो हौसला बढाई मन्दिर चाँडै सिध्याउन लगाएका थिए । (मुनंकर्मि, २०४१ पृ १७९) त्यस्तै पनौतीमा क्वाठ निर्माण गर्दा ने.सं. ८२८ कार्तिक वदि अष्टमी वृहस्पतिवारमा आफै गएर क्वाठको नाप, क्वाठसंग सम्बन्धित पर्खाल आदिको नाप लिएर आएका थिए । क्वाठ नाम लिएर आएर सात महिना पछि ने.सं. ८२९ आषाढ शुक्ल पूर्णिमाका दिन राजा भूपतीन्द्र मल्ल स्वयमले क्वाठको प्रतिस्थापना गरेका थिए । "सम्वत ८२९ आषाढ शुदि १५ श्रीश्री जुजु पनाति क्वाठ प्रतिष्ठान विज्याङाया ल्याख ॥" (पृ १५) (सम्वत ८२९ आषाढ शुक्ल पक्ष पूर्णिमाका दिन श्रीश्री राजा भूपतीन्द्र मल्लले क्वाठ स्थापना गर्न जानुभएको लगत ।)

राजा स्वयम् काममा अघि सर्दथे भने अरु भाईभारदार, राजपरिवारका सदस्यहरू उच्च पदाधिकारी र अरू निम्न जातिका कामदारमा काम गर्ने हौसला उत्पन्न हुनु स्वाभाविक थियो । एकातिर राज्यभित्रका सबै जनताहरूले क्वाठ निर्माण गर्दा काम गरेर सिध्याउने परंपरा थियो भने अर्को राजा स्वयम काममा अघि सर्न गएकोले त्यसले पनि सबै जनतामा काम गर्न इच्छा हुनु (राख्ने) स्वाभाविक भयो । फेरि मल्लकालमा राजा र जनताको सम्बन्ध घरमा नायक र अरु सदस्यहरूको जस्तै प्रत्यक्ष सम्बन्ध भएको कुरा कान्तिपुरको मल्ल राजा महेन्द्र मल्लले

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

जनताको खाना समेतको हेरविचार गर्ने बानी देखि लिएर जयप्रकाश मल्लको पालामा राज्य भित्रका कुनै साधारण मानिस बिरामी हुँदा स्वयम आएर वैद्य पठाएर औषधी उपचार समेत गराउने बानीले मल्ल राजाहरू र जनताहरूको सम्बन्धको उदाहरण प्रस्तुत गर्दछन् । ऐतिहासिक नाटककार हेमलाल जोशीले 'म्वाःद्यो' ऐतिहासिक नाटकमा कान्तिपुरको लगनको एकजना पुमांचा भन्ने किसान बिरामी भएको थाहा पाएर राजा जयप्रकाश मल्ल स्वयम पुमांचाको घरमा हेर्न आएका थिए । यो ने.सं. ८८४ तिरको कुरा थियो । (जोशी, ने.सं. १०८३ पृ. ७८)

उक्त पनौतीको क्वाठ बनाउँदा भूपतीन्द्र मल्ल मूल नायकको रूपमा देखापर्दथे । त्यसबेलाका उच्च पदाधिकारीका भाईभारदार लगायत कसैंइ, दमाई आदिले काम गरेका थिए । उक्त क्वाठ बनाउँदाखेरि धेरै जसो उच्च पदाधिकारीहरूले चार चार दिन काम गरेको देखापर्दछ । उच्च पदाधिकारीहरू भूपतीन्द्र मल्लको राज्यकालमा भैरव मल्लको स्थान उच्च थियो । मल्ल जाति अनुसार राजपरिवारकै जस्तो देखिन्छन । तर भैरव मल्ललाई आदरार्थी शब्द 'श्री' प्रयोग गर्दा एउटै मात्र अरु साधारण व्यक्तिहरूलाई प्रयोग गरे हुन्थ्यो । राजपरिवारका सदस्यहरू भए भने 'श्री' दुई वटा प्रयोग हुन्थ्यो । जस्तो जितामित्र मल्लका भाइ, भूपतीन्द्र मल्लका काका उग्र मल्ललाई 'श्री' प्रयोग गर्दा दुइवटा गरिएको छ । फेरि भैरव मल्ल भूपतीन्द्रमल्लका विश्वासी पात्रपनि थिए । भूपतीन्द्र मल्लले आफ्नो छोरो रणजीत मल्ललाई विवाह गराई दिंदाखेरि कन्यालाई लिएर आउने काम पनि यिनै भैरव मल्लद्वारा भएको थियो ।

"सम्वत ८३२ कार्तिक वदि ६ श्रीश्री जय भूपतीन्द्र मल्ल देवसन थव कुमार श्री श्री जय रणजीत मल्ल देवयता कोबिस थकुनि कायकर छोस्य बिज्याङा श्री भैरव मल्ल विरजोसि छोया ॥" (रा.अ. माइक्रोफिल्म नं. ए ६१०/२८ पृ ५७४ अनुवाद (ने.सं. ८३२ कार्तिक कृष्ण पक्ष षष्टीका दिन श्री श्री जय भूपतीन्द्र मल्ल देवले श्री भैरव मल्ल र वीर जोशीलाई आफ्नो राजकुमार (छोरा) श्रीश्री रणजीत मल्ल देवलाई राजकुमारी (थकुनी) लिन पठाउनु भयो ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

कामको थालनी ने.सं. ८२८ कार्तिक कृष्ण पक्षे अष्टमीका दिनदेखि भएको थियो । काम गर्नेलाई प्रत्येक दिनमा विहान खानाको निमित्त चिउरा र भात ख्वाउने र फेरि दिउँसो फेरि चिउरा ख्वाउने गरिएको थियो । सँधै जसो तमाखु पनि दिने गरिन्थ्यो । भान्छाको निमित्त चाहिने दाल, मास, तेल, नुन, अदुवा, चामल आदि सामग्री दिने गरिन्थ्यो । वखत वखतमा चाकु र मासु पनि दिने गरिन्थ्यो । यस क्वाठ निर्माण कार्यका निमित्त दिएका सामग्रीहरूको अध्ययन गर्दा आजकाल हामी पनि त्यस्तै प्रकारले घरमा काम गर्ने वा घर वा कुनै बनाउने कार्यमा कामको कार्यकलापमा घरको मालिक वा बनाउन दिने मालिकले पुऱ्याउने सामग्री जस्तो देखापर्दछ । कामदारहरू विहानै आएर काम गरिन्छन् । तिनीहरूलाई विहान भात ख्वाउने र दिउँसो चिउरा ख्वाउने र समय समयमा तमाखु वा चुरोट ख्वाएर केहीछिन कामबाट आराम गराउँथे । तिनीहरूलाई ख्वाउनाका निमित्त घरका परिवारका केही सदस्यहरू खान्थे । जस्तै उनीहरूलाई खाना र खाजा ख्वाउनालाई पकाउनका निमित्त प्रत्येक दिन एक एक जना सुवाल, पाकेको खाजा र खाना ख्वाउनालाई रुकाल र तिनीहरूले खाएको जुठो सफा गर्नका निमित्त चेपकाव एक एक जना राखिएको थियो । सुवाल, रुकाल र चेपकाव क्वाठको काम थाले देखि अन्त्यको दिन समेत देखापर्दछन् ।

सं ८२८ कार्तिक वदि ८ वृहस्पतिवार अन्न हाङा ल्याख

कु ६ बजि न्हि	दं २ वजभां
फं १ जाके	प्र १हX चेकं, च्या, वु
कु २ जाके चूकालचपे	म्हं ४ खपो कर्मि
प्र ३ मास	म्हं २ मोचा
अ १ चि	म्हं १ सुवाल
म्हं १ रुकार	
म्हं १ चेपकाव ॥ (पृ १७-१८)	

धरःपौमा देखापरेको काम भएको अन्तिम तिरको दिनमा पनि सुवाल रुकाल र चेपकाव देखापरेका छन् ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आषाड वदि १२ (शुक्रवार)

कु ६/ बजि

फं ८X जाके

कु ३X मास

प्र १ चि

फं ७X बजि

दं ३३ धलि

दं ४ सलै

दं ३ वंजभां

धा १ कु १ प्र ५ चाकु

प्र २ चेकं

म्हं २१ सिकर्मि

म्हं २ मोचा

म्हं ३ पनाति कल्मि

म्हं ४ सुवाल, लुकाल, पुन, चेपकाव (पृ ५०)

क्वाठ निर्माण कार्यमा देखापरेको श्रमशक्ति निम्नतरमा विभाजित गर्दछ। जुन काम गर्ने आधारबाट विभाजित गरिएको छ। कुनै कुनै श्रमिक श्रमिकको दर्जाले नै काम गर्ने स्पष्ट भएका हुन्छन् भने कुनै कुनै श्रमिक वा जाति कुनै स्पष्ट रूपले काम गर्ने स्पष्ट किसिमले थाहा पाउन सकिदैन। जस्तो उपाकर्मि, सिँकर्मि, ल्वहँकर्मि, कोलाप कर्मि आदि कर्मिहरू यहीनै काम गर्दछन् भन्ने ठोकुवा गर्न सकिन्छ। उक्त कर्मिहरूले क्रमश इँटा, काठ, ढुङ्गा, दलिन माथिको काठ राख्ने जाति भनेर चिन्न सकिन्छ। यस किसिमका श्रमिकलाई पहिलो दर्जामा राखेको छु। त्यसपछि तिनीहरूको काममा सहयोग गर्ने श्रमिकलाई दोस्रो दर्जामा राखेको छुँ।

क्रमगत अनुसार यसप्रकार छन्।

पहिलो कर्मि वर्ग -

१ कर्मि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

तालिका नं १

पनौती क्वाठ निर्माणमा काम गरेको देखापरेका दिनहरू

महिना	काम भएको महिना	पूजा	काम नभएका दिनहरू
कार्तिक	६		
मंगसीर	२८	मं.शु ३ आदित्य विक्रम पूजा	मंगसीर शु. १५ शुक्र (१,२तुत)
पौष	२९	पौष शु. ९ सोम आम्छान पूजा	(पौष शु १५ तुत)
माघ	३०	माघ व. ३ वृहस्पती उपकर्मि पूजा	(षस्टी दुइचोटी अष्टमी तुत)
फाल्गुन	२७	फा.व. १२ आदित्य सिँकर्मि पूजा,	
		पनौती कर्मि पूजा, आवाल पूजा,	
		एद्यात पूजा, पनाती साल्मी पूजा	
		रुकाल, पुन पूजा	
		आ.व. १२ आदित्य पुल अंचेल -	फा १४,१५

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चैत्र	२२	चैत्र वदि ३,४,५,६ चैत्र शुदि १,७,८
